# Marking Scheme

# Class X (Nepali)-2026

खण्ड 1 (बहुवैकल्पिक प्रश्नहरू)

**1. निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूका सही विकल्प छानेर उत्तर दिनुहोस्।**

**5**

i) C. व्यावहारिक
ii) C. गुरुकुलमा
iii) B. विद्या अध्ययन
iv) A. भावी जीवनको आधार
v) C. विद्या अध्ययन साथै व्यावहारिक ज्ञान

**(अपठित पधांश)**

**2. निम्नलिखित कविता पढ़ेर सोधिएका प्रस्नहरूको सही विकल्प छानेर उत्तर दिनुहोस्।**

**5**

i) C. मलायामा
ii) C. मेशिनमा
iii) B. पुरिएको हुन सक्ला
iv) D. काम
v) B. लोग्ने मर्ने

**3. निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प छानेर उत्तर दिनुहोस्।** 10 X1 =10

i) C. शुरू
ii) D. कमल
iii) A. ले, बाट
iv) D. शव - सबै
v) C. विग्रह
vi) A. त्तपुरुष समास

vii) D. सम्बन्ध कारक

viii) A. समस्त पद

ix) C. बहुव्रीहि समास

x) B. अजेय

## खण्ड-2 (वर्णनात्मक प्रश्नहरू)

(4) **निम्नलिखित प्रश्नहरूका उत्तर दिनुहोस्?** 3 X2 = 6

(i) a. जसले पाठ सुनाउँदैन उसले सजाय पाउँछ।

b. उनले केही पनि पढ़ेका छैनन्।

(ii) वाक्यमा जसको बारेमा केही कुरा गरिन्छ त्यसलाई उद्देश्य भनिन्छ र उद्देश्यको बारेमा जे कुरा गरिन्छ त्यसलाई विधेय भनिन्छ।

(iii) a. बराबर ठान्नु

b. यता न उताको हुनु

**5. निम्नलिखित प्रश्नहरूका उत्तर दिनुहोस्।**

(i) हाम्रो मनले धेरै कुरा चिताउँछ तर चिताएको सबै कुरा पूरा हुन्छ भन्न सकिँदैन। मनले चाहेर मात्र सबै कुरा हुँदैन। मनको शक्तिभन्दा ठूलो मानिसको जीवनमा आइपर्ने परिस्थिति एवं बाध्यता नै बलवान हुन्छ भन्ने कुराको सन्देश दिन चाहेका छन्।

2

(ii) फेरसले क्लोरिना नाम गरेकी युवतीलाई असाध्य प्रेम गर्थ्यो क्लोरिनाले पनि फेरसलाई त्यत्तिकै प्रेम गर्थी। उनीहरूले विवाह गरेर सुखमय जीवन बिताउने विचार गरेका थिए तर हवाइ दुर्घटनामा परेर क्लोरिनाको मृत्यु भएका कारण फेरस उदास देखिन्थ्यो।

2

(iii) यो संसारमा सोझा सीधाहरूकै कारण दानवताको सिर्जना हुन्छ। यदि संसारबाट दानवता हटाउनु छ भने सबभन्दा पहिला हामीले आफ्नो सोझापना हटाएर चंख, चलाक र होशियार हुनुपर्छ। सबै जना चलाक भए संसारबाट दानवता आफैं हटेर जानेछ। 2

iv) प्रकृतिको सृजना प्रक्रियालाई मान्छेले जति नै कोशिश गरे तापनि जस्ताको तस्तै बनाउन सक्तैन। विज्ञान र तक्रिकीले पनि प्रकृतिको नियम विपरीत कार्य गऱ्यो भने सफल हुन सक्तैन।

अथवा

चामे दिनभरि भोकै रहेर खेत जोतेर लखतरान भई घरमा आइपुग्दा घरमा गौंथलीले आगो नबालेको, भात नपकाएको जस्तै कालो अनुहार लगाएर बसेको थियो। दर्कन लागेको बादलको रूप जस्तो प्रकारले कालो हुन्छ चामेको अनुहार पन रीसले त्यस्तै भएको थियो। 2

v. यसरी दिनरातको पहिरो र हावाको डरमा बाँचेर गाउँमा नबस्ने, आफ्नो गोठमा भएका माऊ गाई, कोरलीहरू सबै बेचिदिने, बारी पनि बेचिदिने, घरको टीन र काठपात पनि बेचिदिने। शहरमा गएर पाँच-छ रुपियाँसम्मको कोठा लिएर बस्ने। आफू चोकमा सागसब्जी बेच्ने अनि कालेको बाबुले चाहिँ मिस्त्री काम गर्ने अथवा चौकीदारी काम गरेर सुखमय जीवन बिताउने निर्णय गरेर कालेकी आमाले ढुक्क मानी।

3

(vi) डक्टर नानोको प्रयोगशालामा उच्च कोटीका मानव प्रजनन कोशिकाहरू विकास र विक्री वितरण गरिन्छ। यस्ता कोशिकाहरूबाट आफ्ना इच्छा बमोजिम सर्वगुण सम्पन्न सन्तान यही प्रयोगशालामा इन्क्यूवेट गरेर लान सकिन्छ। क्यान्सर रोग नाश गर्न अणु आकारका रोबर्टहरू पनि निर्माण गरिएको हुन्छ। मानिसका स्वास्थसँग सम्बन्धित सबै बिरामी र कमी-कम्जोरीहरूको हल निकाल्ने शीध र अनुसन्धान हुन्छ।

3

**6. निम्नलिखित कुनै चार प्रश्नहरूका उत्तर दिनुहोस्।** 4X3 = 12

(i) हाम्रो मनमा सकारात्मक (राम्रो) र नकारात्मक (नराम्रो) दुवै किसिमको विचारहरू हुन्छन्। जब हाम्रो मनलाई तृष्णाको जालो अर्थात् लोभ, ईर्ष्या, क्रोध, काम आदि जस्ता कुराले घेर्छ तब हाम्रो मनमा नकारात्मक विचार आउँछ र मन कालो हुन्छ जसको फलस्वरूप सबै कुरा कालो र मैलो अनि दोषपूर्ण देखिन्छ। तर जब मनबाट यस्तो जालो हटेर मन उज्यालो हुन्छ तब सबैकुरा हामीलाई उज्यालो, आनन्दमय र हलुंगो लाग्छ। हामीले मनबाट यस्ता नराम्रा विचार त्यागेर मनलाई सफा बनाएर सबै मानिसलाई समान व्यवहार गऱ्यौं भने यही धरती नै स्वर्ग जस्तो आनन्दमय बनिन्छ।

(ii) हामी अति नै स्वार्थी प्रवृत्तिका छौं। हाम्रो आँखाले टाढ़ाको वस्तुलाई मात्र देख्छ र त्यसको मात्र इज्जत र सम्मान गर्छौं। तर नजीकमा भएका उपयोगी व्यक्ति र वस्तुहरूको हामी केही वास्ता गर्दैनौं। आकाशका तारा हेरेर हामी रम्छौं, त्यसको सम्मान गर्छौं तर ती तारा भन्दा अनमोल र उपयोगी रामे, चामे, हर्के, वीरे जस्ता ताराहरूलाई हामी कुनै महत्त्व दिदैनौं जसका कारण यी नजीकका ताराहरू कुकुर जस्तै तुच्छ जीवन बिताउन बाध्य बनेका छन्।

(iii) कुनै पनि मुलुक बनिनका निम्ति वीर सपुतहरूको ठूलो भूमिका रहेको हुन्छ। वीर सपुतहरूको त्याग र बलिदानकै कारण मुलुक बन्दछ। हाम्रो देशमा हाँसो, खुशी पनि वीरहरूकै कारण प्राप्त हुन्छ। वीरले आफ्नो प्राण उत्सर्ग गर्दा देशबाट दासत्व भागेर जान्छ, देश स्वतन्त्र बन्दछ। यदि वीर सपुतहरूले आफ्नो योगदान नदिएको भए हामी अर्ककै अधीनमा रहने थियौं। हाम्रो खुशीमा, हामीले खाने अन्नमा, हामीले फेर्ने सासमा शहीदहरूको महत्त्वपूर्ण योगदान रहेको हुन्छ।

(iv) यस पद्यांशद्वारा कविले आजका मानिसहरूको मानसिकतामाथि व्यङ्ग्य गरेका छन्। आजका मानिसहरू व्यर्थको अचाहिँदो कुराहरूमा समय बिताउँछन्। ताश, जुवा खेल्नु, रातभरि हल्ला गर्नु, गङ्गजी गीत सुन्नु, फिल्म हेर्नु, कुकुर डुलाउनु जस्ता व्यर्थका कुरामा समय बिताउँछन्। तर आफ्नो भाषा, साहित्य, कविता आदिको लागि उनीहरूमा कुनै रुचि छैन। जीवन चिनाउने, मानवताको पाठ सिकाउने कविताको कुरा गऱ्यो भने आजका स्वार्थी मानिसहरूले प्लिज डोन्ट बोर मी भन्छन्।

(v) ईश्वरलाई प्रसन्न बनाउन हातभरि प्रसाद भेटी आदि बोकेर सकी नसकी टाढ़ाको मन्दिर वा तीर्थ जानुपर्दैन। ईश्वरको बास हरेक प्राणीको मनमा हुन्छ। गरीब, दुःखी असहायहरूलाई मद्दत गरे उनीहरूको चोटमा मलम पट्टी गरिदिए मानवताको नाताले हरेक मानिसहरूलाई सेवा गरेर सहयोग पुऱ्याए ईश्वर प्रसन्न हुनेछन्।

**7. निम्नलिखित प्रश्नहरूका उत्तर दिनुहोस्।**

(i) साँझको समयमा सोनामणि एक्लै जंगलबाट आउँदै थिई। कमलको दाजु श्यामले सोनामणिलाई पुलमा पर्खिरहेथ्यो। उ मातेको थियो सोनामणिमाथि श्यामको नराम्रो नजर परेको थियो। उसको इज्जत लुट्न खोज्दा सोनामणिले आफ्नो सतीत्वको रक्षा गर्न पुलबाट भयानक गहिरो नदीमा फाल हानी।

2

(ii) आफ्नै कारणले नै आफ्नी आमाको मृत्यु भएको थाहा पाएपछि मोती हुरिएर घरभित्र पसी अनि आफ्नो बाकसबाट जम्मै लुगाफाटा निकालेर आँगनमा थुपारी अनि माचिसले जलाउन खोजेर आफ्नो पापको प्रायश्चित गर्न खोजी।

2

**अथवा**

जुन रातको पानी झरीमा जुनीको कोठा बाहिरपट्टि भएको रूखको अन्तिम पात झऱ्यो त्यही रात बरमानले त्यो पात जस्तै दुरुस्तै एउटा नक्कली पात बनाएर त्यही रूखमा झुण्ड्याइदियो र जुनीको प्राण बचायो।

(iii) आफूले आफ्नो दाजु श्यामको नराम्रो स्वभावबारे सोनामणिलाई नभनेर उसलाई सावधान नगराएकोमा कमललाई ठूलो भूल गरेजस्तो लागिरहन्थ्यो।

3

(iv) मोतीले आमालाई त्यस्तो खान, लाउन दिन नसक्नेले जन्म किन दिनु पऱ्यो भन्ने तीक्ष्ण वचन प्रहार गर्थी। मोतीको त्यो आक्रोशित वचन लक्ष्मीको ह्दयमा एउटा वाँण जस्तै भएर रोपिन्छ जसको चोट खप्न नसकेर उनी दिनदिनै शिथिल हुँदै जान्छिन्। उनको जिउने आधार केही रहँदैन अनि यसै वचनले घायल भएर कमजोर हुँदै उनको मृत्यु समेत हुन्छ।

8. **निम्नलिखित प्रश्नहरूमध्ये कुनै दुईवटाका उत्तर लेख्नुहोस्।** 2X2 = 4

(i) यी शब्दहरू, यी हरफहरू, क्षर/अक्षर, लीला लेखनः वार्ता-अन्तर्वाता, अक्षरहरूको पुनर्वास। (यी मध्ये कुनै दुइका नाउँ लेख्न सक्नेछन्)

(ii) लीलालेखन

(iii) साहित्य अकादमी पुरस्कार, रत्नश्री स्वर्णपदक भानु पुरस्कार (सिक्किम) मोहनलाल शाह पुरस्कार (सिलगढी) आदि। (यी मध्ये कुनै दुइका नाउँ लेख्न सक्ने छुन्)।

9. **तल दिइएका कुनै एक विषयमा 150 शब्द सम्मको निबन्ध रचना गर्नुहोस्।** (05)

| | |
|---|---|
| भूमिका– | 1 |
| मुख्य विषय | 2 |
| निष्कर्ष | 1 |
| शब्दसीमा | 1 |

10. पठाउनेको ठेगाना 1

सम्बोधन 0.5

पत्रको मुख्य भाग 2

निष्कर्ष वा अन्त गराई 0.5

खाममा लेखिनुपर्ने पत्र पाउनेको नाम र ठेगाना 1

(05)

11. **नेपालीमा अनुवाद गर्नुहोस्।**

(4X1=4)

(i) अन्त्यमा सत्यको जीत हुन्छ।

(ii) उनीहरू मुम्बईमा आफ्नो छुट्टी मनाइरहेछन्।

(iii) मैले मेरो काम गरेको छुइनँ।

(iv) हामीलाई कार्यक्रममा निम्त्याअएको थिएन।